# कर्णाली रोजगार कार्यक्रम

## संचालन निर्देशिका, २०७१

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**कर्णाली क्षेत्र विकास इकाई**

सिंहदरबार, काठमाडौं

# विषय-सूची

| विवरण | पेज नं. |
|---|---|

## परिच्छेद-१
## प्रारम्भिक


१. संक्षिप्त नाम र प्रारम्भ — १
२. परिभाषा — २
३. दीर्घकालीन सोच — ३
४. लक्ष्य — ३
५. उद्देश्य — ३
६. रणनीतिहरु — ३
७. कार्यनीतिहरु — ४


## परिच्छेद-२
## लक्षित वर्ग सम्बन्धी व्यवस्था


८. घरधूरी छनौट — ६
९. रोजगारीमा प्राथमिकता — ६
१०. सूचना व्यवस्थापन एवं लक्षित वर्ग छनौट प्रक्रिया — ६
११. घरधूरी दर्ता प्रकृया — ७


## परिच्छेद-३
## आयोजनाको किसिम


१२. आयोजनाको किसिम — ८
१३. आयोजनाको प्राथमिकता — ८
१४. आयोजना छनौट प्रक्रिया — ९
१५. आयोजना संचालन एवं समन्वय सम्बन्धी व्यवस्था — ९

## परिच्छेद-४
## बजेट तथा भुक्तानी


| | |
|---|---|
| १६. बजेट सम्वन्धी व्यवस्था | ११ |
| १७. खर्च व्यवस्थापन तथा भुक्तानी प्रक्रिया | १२ |
| १८. खर्चमा बन्देज | १३ |


## परिच्छेद-५
## संस्थागत व्यवस्था


| | |
|---|---|
| १९. केन्द्रिय समन्वय समिति | १४ |
| २०. कर्णाली क्षेत्र विकास इकाई | १५ |
| २१. जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति | १५ |
| २२. जिल्ला सम्पर्क व्यक्ति | १७ |
| २३. गा.बि.स. वा न.पा. स्तरीय समन्वय तथा अनुगमन समिति | १८ |


## परिच्छेद-६
## अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था


| | |
|---|---|
| २४.अनुगमन र मुल्याङ्कन पेश गर्ने | २० |
| २५.गुनासो व्यवस्थापन | २१ |


## परिच्छेद-७
## विविध


| | |
|---|---|
| २६. निर्देशिकामा नभएका बिषय | २२ |
| २७. थपघट वा हेरफेर गर्न सक्ने | २२ |
| अनुसूचिहरु | |

# कर्णाली रोजगार कार्यक्रम
## संचालन निर्देशिका, २०७१

**प्रस्तावना:**

कर्णाली अञ्चलका पाँच जिल्लाहरु जुम्ला, हुम्ला, कालिकोट, मुगु र डोल्पामा वसोवास गर्ने स्थानीय जनताहरुको सहभागितामा स्थानीयस्तरमा पूर्वाधार निर्माण लगायतका विकास क्रियाकलाप संचालन गरी स्थानीय घरपरिवारका सदस्यले स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गर्ने तथा सीप विकास हुने र त्यसरी निर्माण हुने पूर्वाधारको सुबिधाबाट थप अबसरहरु बृद्धि भई त्यसको लाभ समेत स्थानीय जनताले उपभोग गरी जीवनस्तरमा सुधार गर्दै सामाजिक संरक्षण अभिबृद्धि गर्दै जाने उद्देश्यका साथ आर्थिक बर्ष २०६३/०६४ देखि प्रारम्भ भएको कर्णाली रोजगार कार्यक्रमलाई सरल, प्रभावकारी र नतिजामुखी बनाउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कर्णाली रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७१ तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम “कर्णाली रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७१” रहेको छ ।

(२) यो निर्देशिका कर्णाली रोजगार कार्यक्रमले समेटेका सबै जिल्लामा तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(अ) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्छ ।

(आ) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्छ ।

(इ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ ।

(ई) "लक्षित वर्ग" भन्नाले स्थानीय रुपमा बसोवास गरीरहेका घर परिवार मध्ये सरकारी, गैर सरकारी, निजी व्यापार ब्यवसायमा संलग्न नभएका वेरोजगार वा विपन्न घरधुरीहरुबाट श्रम गर्न सक्ने उमेरको कम्तिमा एक जना सदस्यलाई यस कार्यक्रमको लक्षित वर्गको रुपमा मानिने छ । परिच्छेद २ को आधारमा लक्षित वर्ग निर्धारण गरिनेछ ।

(उ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, रेडक्रस र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिलाई सम्झनु पर्छ ।

(ऊ) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तरगत निश्चित कार्यक्षेत्र भएका जिल्लास्तरीय कार्यालय, डिभिजन कार्यालय, इलाकास्तरीय कार्यालय, सेवा केन्द्र, उपसेवा केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी समेत सम्झनु पर्छ ।

(ए) "विषयगत मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एवं सेवा सुबिधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरु समेत सम्झनु पर्छ ।

(ऐ) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समिति सम्झनु पर्छ ।

३. **दीर्घकालीन सोच** : स्थानीय सम्भावना र आवश्यकतामा आधारित नतिजामुखी रोजगारमूलक कार्यक्रमको माध्यमबाट लक्षित वर्गको आर्थिक तथा सामाजिक सम्वृद्धिमा सहयोग पुऱ्याउनु कार्यक्रमको दीर्घकालीन सोच हुनेछ ।

४. **लक्ष्य** : विपन्न, बेरोजगार परिवारहरुको सामाजिक सशक्तीकरण, आधारभूत पूर्वाधारमा पहुँच र आयआर्जनका माध्यमबाट जीवनस्तरमा सुधार गरी सामाजिक संरक्षण प्रबर्द्धन गर्नु कार्यक्रमको लक्ष्य हुनेछ ।

५. **उद्देश्य** : कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :-

(क) लक्षित वर्गका श्रम गर्न सक्ने उमेरका इच्छुक व्यक्तिलाई रोजगार तथा आयआर्जनका अवसर प्रदान गर्ने,

(ख) दक्ष तथा सक्षम जनशक्ति तयार गरी स्वरोजगारको वातावरण सृजना गर्ने,

(ग) आम समुदायको जीवनयापनमा प्रत्यक्ष सघाउ पुऱ्याउन दिगो भौतिक पूर्वाधार सुविधा निर्माण तथा बिस्तार गर्ने ।

६. **रणनीतिहरुः** यस कार्यक्रमका रणनीतिहरु देहाय बमोजिम हुनेछन् :-

(क) तथ्यांक एवं सूचना संकलन र विश्लेषणका आधारमा जीवनस्तर निर्धारण तथा लक्षित समुदाय र रोजगारीका संभाव्य क्षेत्र सम्बन्धी विवरण अध्यावधिक गरिनेछ ।

(ख) सम्पादित कामको परिमाणको आधारमा श्रममुल्य निर्धारण, कार्य समयसीमा तथा भुक्तानीको तरिका सुनिश्चित गरिनेछ ।

(ग) उपयुक्त संस्थागत प्रबन्ध गरी विषयगत निकाय, विकास साझेदार, गैरसरकारी संस्था र सामुदायिक संस्थाहरुको समेत एकिकृत प्रयासद्वारा लक्ष्य र उद्देश्य प्राप्तिमा सहयोग पुग्ने गरी समन्वयात्मक रुपमा कृयाकलापहरु कार्यान्वयन गरिनेछ ।

(घ) भौतिक पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई दिगो बनाउन वातावरण मैत्री आयोजना कार्यान्वयन गरिनेछ ।

७. **कार्यनीतिहरु** :यस कार्यक्रमका कार्यनीतिहरु देहाय बमोजिम हुनेछन् :-

(क) जिल्लाका सबै गा.वि.स हरुमा सहभागितामूलक गरिवी लेखाजोखा प्रक्रिया अनुसार वा अन्य विश्वसनीय र प्रचलित तरिकाद्वारा सूचना तथा तथ्याङ्क संकलन गरिनेछ ।

(ख) समुदायमा आधारित स्थानीय संस्थाहरुको सहभागितामा कार्यक्रमबाट खटिएका कर्मचारीको सहजीकरणमा बेरोजगार तथा विपन्न घरधूरीको छनौट तथा प्राथमिकीकरण गरिनेछ ।

(ग) जिल्लाका सबै गा.वि.स.हरुमा कार्यक्रम संचालन गर्न सकिनेछ । यसरी कार्यक्रम संचालन गर्दा कुनै गा.वि.स. मा समान उद्देश्य प्राप्तिका लागि अन्य कुनै सरकारी निकाय वा गैरसरकारी वा समुदायमा आधारित संस्थाहरुबाट कार्यक्रम संचालन भएका भए दोहोरो नपर्ने गरी कार्यक्रमको संयोजन गरिनेछ ।

(घ) सम्भावना र आवश्यकताका आधारमा एक भन्दा वढी गा.वि.स. हरु सहभागी हुने गरी समेत रोजगारीमूलक साझा कार्यक्रम वा परियोजना छनौट गरिनेछ । लक्षित वर्गका व्यक्तिलाई पायक पर्ने स्थानमा कार्यक्रम संचालन गरिनेछ ।

(ङ) उपलब्ध कामको प्रकृति अनुरुप कामदारहरुलाई व्यावहारिक तथा प्राविधिक सीप, तालिम प्रदान गरिनेछ ।

(च) आधारभूत मापदण्ड पुगेका परिवारहरुका लागि जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिले वार्षिक रुपमा निर्धारण गरेको अवधिको लागि रोजगार प्रदान गरिनेछ ।

(छ) जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा कामदारको ज्याला सो को अधिकतम असी प्रतिशतले हिसाव गरी योजनाको लागत अनुमान तयार गरिनेछ ।

(ज) सम्पन्न कार्यको प्राविधिक मूल्यांकनका आधारमा प्रति कामदारको ज्याला यकिन गरिनेछ ।

(झ) योजनाको सम्झौता भई कार्य सुरु भएको हरेक पन्ध्र दिनको अन्तरमा कामदारलाई पछि कार्य सम्पन्न पश्चात भूक्तानी हुने कूल ज्याला रकममा मिलान हुने गरी जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिले तोके वमोजिमको निर्वाह ज्याला भुक्तानी दिइनेछ ।

(ञ) कार्य सम्पन्न भई प्राविधिक मूल्यांकन भएको पन्ध्र दिनभित्र उक्त मूल्यांकनले निर्धारण गरेको जम्मा ज्यालाको रकम सम्वन्धित समिति मार्फत कामदारलाई योजनामा श्रम गरेको कार्यदिनको आधारमा बाँडफाँड गरी भुक्तानी गरिनेछ ।

(ट) रोजगारी प्रदान गर्ने क्रममा कार्यक्रम क्षेत्रका महिला तथा आर्थिक एवं सामाजिक रुपले विपन्न परिवारलाई प्राथमिकता दिईनेछ ।

(ठ) यस कार्यक्रममा छनौट भएका घरपरिवारका अठार देखि उनन्साठी (१८-५९) वर्ष उमेर समूहका सदस्यहरुलाई रोजगारी दिईनेछ ।

ड) स्थानीयस्तरको आवश्यकता अनुसार माग गरिएको एक वर्षभन्दा बढी समय लाग्ने योजनाको बहुबर्षिय खरिद योजना स्वीकृत गरी सञ्चालन गरिनेछ ।

(ढ) व्यावसायिक, व्यवस्थापकीय तथा प्राविधिक विषयमा तालिम प्रदान गरी स्वरोजगार बन्न प्रेरित गरिनेछ। सामाजिक संरक्षण कार्यक्रमको रुपमा कर्णाली रोजगार कार्यक्रमलाई प्रबर्द्धन गर्न स्थानीय तहमा अभिमुखीकरण गोष्ठी तथा तालिमहरु आयोजना गरिनेछ ।

(ण) वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र जस्ता समुदायमा आधारित संस्थाहरुलाई योजना छनौट, घरधूरी पहिचान तथा अनुगमनमा सक्रिय रुपमा संलग्न हुन प्रोत्साहित गरी यस्ता संस्थाहरुको क्षमता समेत बृद्धि गरिनेछ ।

(त) आयोजनाका सहभागीहरुलाई उनीहरुको समूह, भूमिका, जिम्मेवारी र गुनासो व्यवस्थापनका विषयहरु समावेश गरिएको “रोजगारी पत्र” प्रदान गरी कार्यक्रम संचालनमा पारदर्शीता तथा उत्तरदायित्व अभिबृद्धि गरिनेछ ।

(थ) रोजगार प्रदान गर्ने किसिमका विषयगत कार्यालय, स्थानीय निकाय, गैरसरकारी संस्थाहरुबाट संचालन भएका आयोजनाहरुसँग समन्वय गरी दोहोरोपन हटाईने छ ।

(द) पूर्वाधार निर्माण गर्दा श्रममूलक प्रविधिको प्रयोग र वातावरण मैत्री विकास निर्माणमा जोड दिईनेछ ।

# परिच्छेद–२
# लक्षित वर्ग सम्बन्धी व्यवस्था

**८. घरधूरी छनौट** : देहायको आधारमा घरधूरी छनौट गरिने छ :-

(क) परिवारका कुनैपनि सदस्यले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा रोजगारीको अवसर नपाएका घरधूरी,

(ख) आफ्नै व्यवसाय सञ्चालन नगरेका वा स्वरोजगारको अवस्था सृजना हुन नसकेका घरधूरी,

(ग) खण्ड (क) र (ख) बमोजिमको घरधूरी नभएको अवस्थामा गा.वि.स. स्तरीय समन्वय तथा अनुगमन समितिले प्रमाणित गरेको घरधूरी ।

**९. रोजगारीमा प्राथमिकता** : दफा ८ बमोजिम छनौट भएका घरधूरीमध्येबाट देहाय बमोजिम रोजगारीमा प्राथमिकता दिनु पर्नेछ :-

(क) आफ्नो उत्पादन बाट वर्षमा तीन महिनाभन्दा कम समयसम्म खान पुग्ने परिवार,

(ख) परिवारका सदस्यहरुमध्ये अपाङ्गता परिचय पत्र पाएको परिवार,

(ग) एकल महिला घरमूली भएको परिवार,

(घ) द्वन्द्ध पिडित परिवार,

(ङ) दलित, अल्पसंख्यक, आदिबासी जनजाति तथा भूमिहीन परिवार ।

**१०. सूचना व्यवस्थापन एवं लक्षित वर्ग छनौट प्रक्रियाः**

(१) कार्यक्रम संचालन भएका जिल्लाहरुलाई लक्षित गरी व्यवस्थापन सूचना प्रणाली स्थापना गरी हरेक गा.वि.स. वा न.पा. का सबै घरधूरीको नियमित तथ्यांकहरु एवं सूचना अद्यावधिक गर्नु पर्नेछ ।

(२) कार्यक्रम संचालन हुने क्षेत्रका बेरोजगार घरधूरीको सूचना मतदाता सूची लगायत अन्य आधिकारिक तथ्यांकहरुको आधारमा समेत सूची तयार गर्नु पर्नेछ ।

(३) व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक तथ्यांक एवं सूचनाका आधारमा गा.वि.स. ले सहभागितामूलक छनौट विधिबाट बेरोजगार तथा विपन्न घरधूरीको सूची प्रमाणित गरी सार्वजनिक गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक गरेको सूचीमा कुनै बेरोजगार घरधूरी छुट भएको भनी त्यस्ता घरधूरीले संशोधनको लागि आधार सहित गा.वि.स. वा न.पा. मा निवेदन गर्न सक्नेछन् ।

(५) कार्यक्रममा छनौट भएका घरधूरीको सूची जि.वि.स. मा पेश गर्नु पर्नेछ ।

**११. घरधूरी दर्ता प्रकृयाः**

(१) रोजगार कार्यक्रममा सहभागी हुन ईच्छुक घरधूरीका आवेदनकर्ताहरूबाट अनुसूची १ बमोजिम फाराम भरी गा.वि.स. वा न.पा. मा दर्ता गर्नु पर्नेछ ।

(२) गा.वि.स. वा न.पा. ले लक्षित घरधूरी दर्ता गर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी सो को विवरण अनुसूची २ बमोजिमको रोजगार उपलब्ध गराउनु पर्ने घरधूरीहरुको नामावली सार्वजनिक गर्नुपर्ने तथा जि.वि.स. मा पठाउनु पर्नेछ ।

(३) अनुसूची २ बमोजिम छनौट भएका कामदारहरूको अनुसूची ३ बमोजिम विवरणहरू लिनु पर्नेछ । उक्त विवरण जिल्ला विकास समितिहरुले व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी प्रत्येक वर्ष श्रावण महिनाभित्र अध्यावधिक गर्नु पर्नेछ ।

(३) कार्यक्रममा सहभागी घरधूरीको नियमित अनुगमन गरी आर्थिक अवस्थामा आएको परिवर्तनको आधारमा लक्षित घरधूरीको सूचि अध्यावधिक गर्नु पर्नेछ ।

(४) जि.वि.स. हरुले अध्यावधिक गरेको व्यवस्थापन सूचना प्रणालीलाई कर्णाली क्षेत्र विकास इकाईले विश्लेषण गरी उपयुक्त देखिएका घरधूरीहरु सामाजिक संरक्षण कार्यक्रमको लागि सूचिकृत भएको सूनिश्चित गर्नु पर्नेछ ।

# परिच्छेद - ३
# आयोजनाको किसिम

**१२. आयोजनाको किसिमः**

(१) यस कार्यक्रम अन्तरगत देहाय बमोजिमका आयोजनाहरु संचालन गर्न सकिनेछ :-

(क) उत्पादन बृद्धि सहितको आयआर्जनका आयोजनाहरु (भेडा, बाख्रा, र कुखुरा पालन, तरकारी खेती, जडिबुटी उत्पादन,फलफूल उत्पादन तथा प्रशोधन, स्थानीय उत्पादनको संकलन र बिक्री बितरण एवम् साना तथा घरेलु उद्यम),

(ख) सीप बिकास तथा स्वरोजगार प्रवर्द्धन गर्ने आयोजना (परम्परागत सीपमा आधारित सिलाई बुनाई, हस्तकला जस्ता व्यवसायहरु, सौर्य तथा बिद्यूतीय उपकरण मर्मत, घर, भवन निर्माण एवम् मर्मत, फर्निचर, आदि),

(ग) समुदायमा आधारित पूर्वाधार विकास आयोजना, सडक, पर्यटकीय मार्ग, पुलपुलेसा र कल्भर्ट, स्कूल भवन, स्वास्थ्य चौकी भवन, सामुदायीक भवन, खानेपानी, सामुदायीक वन र नर्सरी, सिंचाई कुलो आदि),

(घ) पहिरो, नदी नियन्त्रण, भू-क्षय रोकथाम, गल्छी नियन्त्रण, गह्रा सुधार, जलाधार व्यवस्थापन, वातावरण तथा जैविक विविधता लगायतका आयोजना,

(२) यस कार्यक्रम अन्तर्गत छनौट हुने आयोजनाहरु श्रममूलक, आयमूलक र नतिजामुखी हुनु पर्नेछ ।

**१३. आयोजनाको प्राथमिकताः** यस कार्यक्रममा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ :-

(क) फलफूल तथा तरकारी खेती, जडिबुटी खेती तथा प्रशोधन, नगदेवाली लगायतका आयआर्जनका आयोजना,

(ख) सिंचाई आयोजना,

(ग) जिल्लाको सदरमुकाम देखि गा.वि.स. वा न.पा. जोड्ने, गा.वि.स. वा न.पा. बाट वडा जोड्ने र वडाबाट बस्ती जोड्ने गरी सडक संजालभित्र पर्ने सडक निर्माण तथा स्तरोन्नति,

(घ) खानेपानी व्यवस्थापन,
(ङ) लघुजलविद्युत आयोजनाहरुमा ज्याला साझेदारी,
(च) अन्य संघ संस्थाहरुको साझेदारीमा हुने सबै प्रकारका श्रममूलक आयोजना,
(छ) विपद न्युनीकरण सम्बन्धी श्रममूलक आयोजना,
(ज) जलवायु परिवर्तन अनुकूलनका आयोजनाहरु ।

**१४. आयोजना छनौट प्रक्रिया :**

(१) गा.वि.स. वा न.पा. ले स्थानीय तहको सहभागितामूलक योजना तर्जूमा प्रकृयाका सबै चरणहरु पूरा गरी यस कार्यक्रमको लागि आयोजनाहरुको छनौट गर्नु पर्नेछ । आयोजना छनौटको क्रममा गा.वि.स. वा न.पा. ले सामाजिक परिचालक, प्राविधिक सहायक लगायतका जनशक्ति परिचालन गर्नु पर्नेछ ।
(२) लक्षित घरधूरीको सूची सार्वजनिक भईसकेपछि लक्षित घरधूरीमध्येबाट हरेक आयोजनाको लागि नौ देखी एघार जनासम्मको आयोजना कार्यान्वयन समितिको गठन गर्नु पर्नेछ । त्यसरी गठित आयोजना कार्यान्वयन समितिले अनुसूची-४ बमोजिमको आयोजना माग फाराम भरी पठाउनु पर्नेछ ।
(३) आयोजनाको कूल लागत अनुमान, गुणस्तरको सुनिश्चितता र साझेदारीका अवस्था समेतको विवरण जि.वि.स. मा पेश गरेपछि दोहोरो नपर्ने गरी यस कार्यक्रम अन्तर्गतका आयोजनाहरु कार्यान्वयन गर्नु पर्नेछ । यस प्रयोजनका लागि कार्यान्वयन समितिले अनुसूची-५ बमोजिमको कार्ययोजना फाराम पेश गर्नु पर्नेछ ।
(४) आयोजनाको सम्झौता अनुसूची- ६ बमोजिम गर्नु पर्नेछ ।

**१५. आयोजना संचालन एवं समन्वय सम्बन्धी व्यवस्था :**

(१) एकभन्दा बढी बस्ती वा वडाहरु समेट्ने आयोजना छनौट भएको खण्डमा समावेशी रुपमा गा.वि.स. वा न.पा.ले कार्यान्वयन गर्नेछ ।

(२) एकभन्दा बढी गा.वि.स.हरु वा गा.वि.स. तथा न.पा.समावेश भएको आयोजना छनौट भएमा जिल्ला विकास समितिले कार्यान्वयन गर्नेछ ।

(३) अधिकतम रोजगारी सिर्जना गर्न जिल्ला विकास समितिले अन्य सरकारी तथा गैरसरकारी निकायहरुबाट कार्यान्वयन भैरहेका कार्यक्रमसँग साझेदारी र समन्वय गर्न सक्नेछ ।

(४) साझेदारीमा कार्यान्वयन हुने आयोजनाहरु सम्बन्धित आयोजना कार्यान्वयन समितिहरुसँगको समन्वयमा जिल्लाको हकमा जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति र गा.वि.स. वा न.पा. को हकमा गा.वि.स वा न.पा.स्तरीय समन्वय तथा अनुगमन समितिले स्वीकृत गर्नु पर्नेछ ।

(५) अन्य कार्यक्रम वा विकास साझेदारहरुसँगको सहकार्यमा संचालन हुने आयोजनाहरुको हकमा यस कार्यक्रमको बजेटबाट श्रमको ज्याला भुक्तानी हुने कार्यहरुमा मात्र खर्च गरी अन्य कार्यहरुको हकमा अन्य निकायहरुबाट खर्चको व्यवस्था गर्नु पर्नेछ ।

(६) आयोजना संचालनको सूचना पाटीको नमूना अनुसूची-७ बमोजिम राख्नु पर्नेछ ।

# परिच्छेद- ४
# बजेट तथा भुक्तानी

**१६. बजेट सम्वन्धी व्यवस्था :**

(१) कार्यक्रमको लागि मन्त्रालयले जिल्लाबाट पेश भएको घरधूरी संख्याको आधारमा सम्बन्धित जिल्ला विकास समितिमा अख्तियारी पठाउनेछ ।

(२) समतामुलक रोजगारीको पद्धति अवलम्वन गरी जि.वि.स. ले गा.वि.स. वा न.पा. हरुलाई उपलब्ध गराउने रकम निर्धारण गर्नेछ ।

(३) गा.वि.स. वा न.पा. ले आयोजनाको विवरण सहित बजेट प्रस्ताव तयार गरी जि.वि.स.मा पेश गर्नु पर्नेछ । जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिले उक्त प्रस्ताव अनुमोदन गरे पछि जि.वि.स.ले निकाशा दिनु पर्नेछ ।

(४) गा.वि.स.ले आयोजना कार्यान्वयन समितिलाई रकम भुक्तानी गर्दा आवश्यक कागजात गा.वि.स. वा न.पा. मा सुरक्षित राख्नु पर्नेछ ।

(५) आयोजना कार्यान्वयन समितिले कामदारहरुको दैनिक उपस्थितिको अभिलेख राख्नु पर्नेछ । दैनिक उपस्थितिको रेकर्डको लागि भर्नुपर्ने फाराम अनुसूची-८ बमोजिम हुनेछ ।

(६) सञ्चालित आयोजनाका कामदारलाई हरेक पन्ध्र दिनमा तोकिएको निर्वाह ज्याला रकम उपलब्ध गराउनु पर्नेछ र प्रत्येक पैतालिस दिन भित्र आयोजनाको प्राविधिक मूल्याङ्कन गरी सोही आधारमा रकम भुक्तानी गर्नुपर्नेछ ।

(७) आयोजनाको अन्तिम भुक्तानी जिल्लाका कार्यक्रम इन्जिनियरको कार्य सम्पादन प्रतिवेदन सिफारिस पश्चात मात्र हुनेछ ।

(८) कार्यक्रमको बजेटको बढीमा पाँच प्रतिशत रकम कन्टिन्जेन्सीको लागि छुट्याउन सकिनेछ । उक्त रकम मध्ये कार्यक्रमको आयोजना व्यवस्थापन प्रयोजनको लागि गा.वि.स. वा न.पा. ले एक प्रतिशत, जि.वि.स.ले एक दशमलव पाँच प्रतिशत र निर्माण कार्यमा कामदारले प्रयोग गर्ने औजार, हेल्मेट, बुट लगायतका सुरक्षा सामग्री खरिदमा दुई दशमलव पाँच प्रतिशत उपयोग गर्नु पर्नेछ । औजारमा खर्च नभएमा सो रकम निर्माण कार्यमा नै खर्च गर्नु पर्नेछ ।

(९) आयोजनाको कूल लागत अनुमानको पच्चिस प्रतिशत भन्दा बढी रकम निर्माण सामाग्री खरिदमा खर्च गर्न पाईने छैन ।

## १७. खर्च व्यवस्थापन तथा भुक्तानी प्रक्रिया :

(१) कार्यक्रमको खर्च व्यवस्थापन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिधिभित्र रहेर गर्नु पर्नेछ ।

(२) जि.वि.स., गा.वि.स. वा न.पा. र आयोजना कार्यान्वयन समितिहरु आफूले प्राप्त गरेको रकमको पारदर्शी खर्च, लेखा स्रेस्ता व्यवस्थापन, प्रतिवेदन र लेखापरीक्षण समेतका लागि जिम्मेवार हुने छन् ।

(३) गा.वि.स. वा न.पा.ले आफूले प्राप्त गरेको रकम र खर्च गरेको रकमको विवरण दुरुस्त राख्नु पर्नेछ । साथै आन्तरिक र अन्तिम लेखापरीक्षण गरिसकेपछि सोको प्रतिवेदन जि.वि.स. लाई बुझाउनु पर्नेछ ।

(४) आयोजना कार्यान्वयन समितिले कार्यक्रमहरुको सार्वजनिक परीक्षण गराउनु पर्नेछ । यस्तो परीक्षण गराउँदा कामदारहरुको हाजिरी विवरण, प्राप्त रकम र खर्चहरुको प्रमाण सार्वजनिक गर्नु पर्नेछ । सार्वजनिक परीक्षणका लागि अनुसूची-९ बमोजिमको फाराम भर्नु पर्नेछ ।

(५) कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरुको विस्तृत लागत अनुमान, कार्य सम्पादन र मुल्याङ्कन प्रतिवेदनहरु तोकिएको समयमा कार्यक्रमका ईन्जिनियरबाट स्वीकृत भएको हुनु पर्नेछ । कार्यक्रमका ईन्जिनियरको स्विकृति विना कुनै पनि रकम भुक्तानी गर्न सकिने छैन ।

(६) कार्यक्रम ईन्जिनियर नभएको वा निज अनुपस्थित भएको अवस्थामा स्थानीय विकास अधिकारीले अर्को प्राविधिक कर्मचारी व्यवस्था गरी आयोजना कार्यान्वयन तथा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

(७) जि.वि.स., गा.वि.स. वा न.पा ले प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखा परीक्षण सार्वजनिक गराउनु पर्नेछ ।

**१८. खर्चमा बन्देज :** देहायको अवस्थाहरुमा रकम विनियोजन तथा खर्च गर्न पाईने छैन :-

(क) लक्षित घरधूरीले श्रममूलक कार्य गरेको ज्याला बाहेक अन्य प्रयोजनमा भुक्तानी गर्न,

(ख) चन्दा तथा आर्थिक सहायता प्रदान गर्न,

(ग) तोकिएको सिमाभन्दा बढी कन्टिन्जेन्सी खर्च गर्न,

(घ) गा.वि.स. वा न.पा बाट संचालित अन्य कुनै पनि कार्यक्रममा भुक्तानी गर्न ।

# परिच्छेद - ५
# संस्थागत व्यवस्था

**१९. केन्द्रिय समन्वय समितिः**

(१) कार्यक्रमको समन्वय गर्न एक केन्द्रीय समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिम सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - अध्यक्ष |
| (ख) | सह-सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ग) | सह-सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सह-सचिव, योजना वैदेशिक सहयोग समन्वय महाशाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| (ङ) | सह-सचिव, गरिवी निवारण तथा सहकारी मन्त्रालय | - सदस्य |
| (च) | महानिर्देशक, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | - सदस्य |
| (छ) | सदस्य-सचिव, दुर्गम क्षेत्र विकास समिति | - सदस्य |
| (ज) | प्रमुख, कर्णाली क्षेत्र विकास ईकाई | - सदस्य-सचिव |

(३) केन्द्रिय समन्वय समितिको बैठकमा अन्य सम्वन्धित व्यक्ति तथा पदाधिकारीहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारको आवधिक योजना, विकासका प्राथमिकता प्राप्त क्षेत्र विकास नीति, रोजगारी प्रबर्द्धन, गरिबी न्युनीकरण, आर्थिक विकास लगायतका पक्षहरुलाई दृष्टिगत गरी तद्नुरुप कर्णाली रोजगार कार्यक्रमलाई आबद्ध गर्ने ।

(ख) कार्यक्रमको निर्देशिका कार्यान्वयनका क्रममा आउन सक्ने समस्याहरुको नीतिगत रुपमा सम्बोधन गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनको प्रभावकारिताको लागि आवश्यक विधि, प्रक्रियामा सापेक्ष संशोधनका लागि परामर्श दिने ।

(घ) यस कार्यक्रमको लागि नेपाल सरकारबाट स्थानीय निकायमा जाने अनुदान यकिन गर्न, बजेट निर्धारणको मापदण्ड तय गर्ने ।

(ङ) कार्यक्रमको प्रभावकारी ढंगबाट संचालनको व्यवस्था मिलाउन जि.वि.स. हरुलाई आवश्यक निर्देशन दिने ।

(च) कार्यक्रमका लागि लक्षित भौगोलिक क्षेत्रमा प्रत्येक आ.व. मा आवश्यक पर्ने स्रोतको अनुमान तयार गरी नेपाल सरकारलाई सुझाव दिने ।

(छ) कार्यक्रम संचालन हुने जि.वि.स. हरुको क्षमता विकासका कार्यक्रमहरु तय गर्ने ।

(ज) कार्यक्रमको अनुगमन एवं मूल्याङ्कन गर्ने ।

(झ) नेपाल सरकारका विभिन्न मन्त्रालय एवं केन्द्रीय निकायहरु तथा विकास साझेदारहरुसँग कार्यक्रमसँग सम्बद्ध विषयमा समन्वय गर्ने ।

(ञ) कार्यक्रमको संचालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।

२०. **कर्णाली क्षेत्र विकास इकाईः** कार्यक्रमको केन्द्रीय इकाईका रुपमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, योजना महाशाखाको मातहतमा रही कर्णाली क्षेत्र विकास इकाईले देहाय बमोजिमको काम गर्नेछ :-

(क) कर्णाली रोजगार कार्यक्रमको बार्षिक योजना तर्जुमा गर्ने ।

(ख) कार्यक्रमसँग सम्बन्धित विषयमा जिल्लासँग समन्वय एवं सहजिकरण गर्ने ।

ग) आवश्यकता अनुसार योजनागत रुपमा अनुगमन, निरिक्षण एवं निर्देशन दिने ।

(घ) कार्यक्रम संचालनका लागि जनशक्तिको व्यवस्था मिलाउने ।

(ङ) जिल्लाहरुमा पठाउने अख्तियारीको रकम यकिन गर्ने ।

२१. **जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति** :- जिल्लामा कार्यक्रमलाई प्रभावकारी तरिकाबाट संचालन गर्न देहाय बमोजिमको जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति रहनेछ ।

(क) कर्णाली रोजगार कार्यक्रम सन्चालन, समन्वय र व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति रहनेछ :

(१) जि.वि.स. सभापति - अध्यक्ष
(२) स्थानीय विकास अधिकारी - सदस्य
(३) जि.वि.स. को बोर्डमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरु (एक दल एक प्रतिनिधि) - सदस्य
(४ प्र.जि.अ. वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य
(५) जिल्ला प्राविधिक कार्यालयका प्रमुख - सदस्य
(६) गा.वि.स. महासंघको अध्यक्ष वा प्रतिनिधि - सदस्य
(७) कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुख - सदस्य
(८) विषयगत कार्यालयका प्रमुख - सदस्य
(९) कर्णाली रोजगार कार्यक्रमको ईन्जिनियर/जिल्ला सम्पर्क व्यक्ति - सदस्य सचिव

(ख) जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) कार्यक्रमबाट लाभान्वित हुन सक्ने घरधुरी, रोजगारीको प्रकार, आवश्यक पर्ने सीप र स्तर निर्धारण गर्ने ।
(२) जिल्लामा संचालित कार्यक्रमको समन्वय गरी समानुपातिक रोजगारी श्रृजना गर्न निर्देशिका बमोजिम कार्यक्रम संचालन सुनिश्चित गर्ने ।
(३) रोजगारी प्रदान गरिने ब्यक्ति, घरपरिवारको छनौटको प्रक्रिया र मापदण्ड निर्धारण गर्ने ।
(४) रोजगारी दिने न्यूनतम दिन तोकी सो को आधारमा गा.वि.स वा न.पा.मा वितरण गरिने रकम निर्धारण गर्ने ।
(५) जिल्लामा प्राप्त बजेटलाई सम्बद्ध आयोजनामा निकासाको लागि सिफारिश गर्ने ।
(६) जिल्लाभित्र संचालित कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने ।
(७) एक भन्दा बढी गा.वि.स. र गा.वि.स. तथा न.पा. को बीच मा पर्ने आयोजनाहरुमा समन्वय गर्ने ।
(८) जिल्लामा कार्यरत अन्य साझेदार संस्था, विषयगत कार्यालयहरुसँग समन्वय गरी कार्यक्रममा दोहोरोपना आउन नदिने ।

(९) जिल्लामा संचालित कार्यक्रमका सम्बन्धमा कार्यक्रमको सम्पर्क व्यक्ति लगायतका कर्मचारीलाई आवश्यक निर्देशन दिने ।

(१०) समितिले आवश्यकता अनुसार उपसमिति समेत बनाई आफ्नो कार्य सम्पादन गर्न सक्नेछ ।

**२२. जिल्ला सम्पर्क व्यक्ति** :– जिल्लासँग सम्बद्ध कार्यक्रमका लागि जि.वि.स. ले कर्णाली रोजगार कार्यक्रमका लागि नियुक्त ईन्जिनियरलाई जिल्ला सम्पर्क व्यक्तिका रुपमा कार्य गर्ने गरी स्थानीय विकास अधिकारीले तोक्नु पर्नेछ । कर्णाली रोजगार कार्यक्रम हेर्ने ईन्जिनियर नियुक्त नभएको अबस्थामा स्थानीय विकास अधिकारीले जि.वि.स. का अन्य अधिकृतस्तरको कर्मचारीलाई जिल्ला सम्पर्क व्यक्तिको रुपमा तोक्न सक्नेछ । निजले कर्णाली रोजगार कार्यक्रमको जिल्ला व्यवस्थापकको रुपमा देहायको कार्य गर्नु पर्नेछ :-

(क) गा.वि.स. वा न.पा. बाट पहिचान भएका घरधूरीहरु र रोजगार प्राप्त गर्ने घरधूरी तथा परिवारका सदस्यहरुको विवरण अद्यावधिक गरी कम्प्युटरमा प्रबिष्ट गर्ने ।

(ख) बेरोजगारहरुको लगत, रोजगारीको माग र रोजगारी दिन सकिने अवस्था समेतको विवरण तयार गर्ने ।

(ग) गा.वि.स. वा न.पा. बाट प्राप्त आयोजनाको खाका बमोजिम सो को बिस्तृत लागत अनुमान, डिजाईन तयार गरी निकासाको प्रवन्ध मिलाउने ।

(घ) जिल्लाभित्र कार्यक्रमको अनुगमन मुल्याङ्कनको प्रबन्ध मिलाउने ।

(ङ) गा.वि.स.वा न.पा. हरुमा समन्वय गर्ने, सूचना प्रवाह गर्ने, निरिक्षण गर्ने, निर्देशिकाको व्यवस्था बमोजिम कार्यक्रम संचालन भए नभएको यकिन गर्ने ।

(च) जिल्ला विकास समितिमा प्रत्येक ४/४ महिनामा समीक्षा बैठक बस्ने गरी आवश्यक प्रवन्ध मिलाउने ।

(छ) जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको बैठकको व्यवस्थापन, निर्णयहरुको कार्यान्वयन गर्ने ।

(ज) निर्देशिकाको कार्यान्वयनका लागि गा.वि.स. सचिवहरु, नगरपालिकाका सम्बद्ध कर्मचारी, आयोजना कार्यान्वयन समिति लगायतलाई अभिमुखीकरण, तालिम, प्रचार प्रसार लगायतका कार्य गर्ने ।

(झ) सम्बद्ध गा.वि.स.वा न.पा बाट मासिक एवम् चौमासिक प्रतिवेदन लिई सो को रुजु गरी अभिलेख बनाई स्थानीय विकास अधिकारीबाट प्रमाणित गरी राख्ने तथा मासिक/चौमासिक प्रगति केन्द्रमा पठाउने ।

(ञ) जिल्लामा समान खालको कार्य गर्ने संघ, संस्था, साझेदारहरुको पहिचान गर्ने, विवरण तयार गर्ने । त्यस्ता संस्थाहरुको प्राविधिक दक्षता, विशेषज्ञता समेत कार्यक्रममा लिन सकिने गरी आवश्यक प्रवन्ध मिलाउने ।

**२३. गा.वि.स. वा न.पा. स्तरीय समन्वय तथा अनुगमन समिति** :- गा.वि.स. वा न.पा. मा कार्यक्रमलाई प्रभावकारी तरिकाबाट संचालन गर्न देहाय बमोजिमको गा.बि.स. वा न.पा. स्तरीय समन्वय तथा अनुगमन समिति रहनेछ ।

(क) कर्णाली रोजगार कार्यक्रम संचालन, समन्वय र व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको  गा.वि.स./न.पा. स्तरीय समन्वय तथा अनुगमन समिति रहनेछ :

(१) गा.वि.स./न.पा. प्रमुख - अध्यक्ष
(२) गा.वि.स./न.पा. बोर्डको प्रतिनिधि - सदस्य
(३) सामाजिक परिचालक - सदस्य
(४) गा.वि.स./न.पा. मा कृयाशील अन्य सरकारी निकायका इकाईबाट २ जना - सदस्य
(५) गा.वि.स./न.पा. मा कार्यरत गै.स.स. का प्रतिनिधि १ जना - सदस्य
(६) वडा नागरिक मञ्चहरुबाट १ जना प्रतिनिधि - सदस्य
(७) गा.वि.स सचिव/न.पा. कार्यकारी अधिकृत वा निजले तोकेको नेपाल सरकारको कर्मचारी –सदस्य सचिव

(ख) गा.वि.स./न.पा.स्तरीय समन्वय तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) गा.वि.स./न.पा.को पारिवारिक तथ्यांक लगत संकलन, गरिव, विपन्न घर परिवार, पहिचान, बेरोजगारको लगत संकलन गरी रोजगार दिन सकिनेको संख्या एकिन गर्ने ।

(२) आयोजना कार्यान्वयन समितिहरुको गठन गर्ने ।

(३) समुहहरुलाई कार्यक्रम संचालनका लागि आवश्यक सहायता गर्ने ।

(४) आयोजना सम्बद्ध स्थानीय विवाद एवं समस्याहरुको समाधान गर्ने ।

(५) आयोजनाको स्थलगत अनुगमन गरी सो को विवरण जि.वि.स. मा पठाउने व्यवस्था मिलाउने ।

(६) गा.वि.स./न.पा. मा कार्यक्रमको समीक्षा, सार्वजनिक सुनुवाई वा सामाजिक परीक्षण लगायतका कार्य गर्ने, खर्च एवम् लेखा प्रतिवेदनहरु सार्वजनिक गर्ने ।

(७) कार्यक्रम संचालनका लागि निर्देशिकाको अधिनमा रही कार्य योजना तयार गर्ने ।

(८) आयोजनाका लागि कामदारहरुले प्रयोग गर्ने सामाग्री, औजार लगायतको विवरण तयार गर्ने ।

(९) कामदारहरुको दैनिक हाजिरीको अनुगमन र प्रतिवेदन तयार गर्ने ।

(१०) लक्षित घरपरिवारले काम गरे वापत आयोजनाका तर्फबाट पाउने ज्याला बितरणलाई व्यवस्थित गर्ने ।

(११) कामदारहरुको विवरण, हाजिरी समेत उल्लेख भएको कामदार रोजगार पत्र जारी गर्ने ।

# परिच्छेद– ६

# अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

**२४. अनुगनमन र मुल्याङ्कन पेश गर्ने :**

(१) यस कार्यक्रमको अनुगमन र मूल्याङ्कन योजनाको खाका तयार पार्ने जिम्मेवारी कर्णाली क्षेत्र विकास इकाईको हुनेछ ।

(२) गा. वि. स. वा न. पा. ले आफ्नो क्षेत्रमा कार्यक्रम/आयोजना गतिविधिहरुको सुपरिवेक्षण र अनुगमन गर्ने, साथै आवश्यक सूचकाङ्कको लागि तथ्यांक संकलन गर्ने र जि.वि.स.लाई प्रत्येक महिनाको चार गते भित्र मासिक विवरणहरु उपलब्ध गराउनु पर्नेछ । जिल्ला विकास समितिले जिल्लास्तरीय कार्यक्रमहरुको विवरणहरु कर्णाली क्षेत्र विकास इकाईलाई प्रत्येक महिनाको सात गते भित्र पठाउनु पर्नेछ ।

(३) जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिले जिल्लामा संचालनमा रहेका आयोजनाहरुलाई कम्तीमा चार महिनाको एकपटक अनुगमन र सुपरिवेक्षण गरी सो को प्रतिवेदन कर्णाली क्षेत्र विकास इकाईमा पठाउनु पर्नेछ । यसका अतिरिक्त तेश्रो पक्षबाट छ-छ महिनामा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन अध्ययनहरु हुनेछन् ।

(४) केन्द्रीय समन्वय समिति, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग र कर्णाली क्षेत्र विकास इकाईबाट समय समयमा अनुगमन र सुपरिवेक्षण भ्रमणहरु हुनेछन् ।

(५) मासिक प्रतिवेदनहरु, अनुगमन भ्रमणहरुको प्रतिवेदनका आधारमा वार्षिक रुपमा कर्णाली रोजगार कार्यक्रमको समष्टिगत प्रतिवेदन तयार पारिनेछ । यसले दक्षता, प्रभावकारिता, स्वःस्फूर्त कायशैलीमा देखिएका कमी कमजोरीहरुलाई प्रष्ट्याउने छ र त्यस्ता कमी कमजोरीहरुलाई सुधार्ने उपायहरु पनि समेटने छ । उक्त कार्यहरुमा भएको सुधारहरु र तिनीहरुका वारेमा निरन्तर सूचना प्रवाह गर्ने जिम्मेवारी जि.वि.स.को हुनेछ ।

(६) प्रत्येक गा.वि.स. वा न.पा. लाई मतदाता सूची लगायत अन्य स्रोतको आधारमा कर्णाली रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा गा.वि.स. वा न.पा. भरिका घरधूरीको सहि सूचना र जानकारी अद्यावधिक गरे नगरेको, आवश्यकता अनुसार सूचना उपलब्ध गराए नगराएको सम्बन्धमा केन्द्रिय तहमा रहने व्यवस्थापन सूचना प्रणालीका प्रशासकबाट नियमित रुपमा अनुगमन गरिनेछ ।

**२५. गुनासो व्यवस्थापन :**

(१) यस कार्यक्रमसँग सम्बद्ध विषयमा भएका निर्णय, काम, कारवाही, बेरोजगार छनौट, घरधूरी छनौट, ज्याला एकिन, ज्याला रकम वितरण सम्बन्धमा चित्त नबुझेका विषयमा लक्षित घरपरिवार वा सदस्यले गा.वि.स. वा न.पा. स्तरीय समन्वय तथा अनुगमन समिति, जिल्ला सम्पर्क समिति वा जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिमा मौखिक वा लिखित रुपमा उजुरी गर्न सक्नेछ ।

(२) देहायका विषय बाहेकको उजुरी वा गुनासो सुनुवाई हुने छैन :-

(क) कार्यक्रमको लक्षित घरपरिवार नसमेटिएको,

(ख) नियमानुसारको ज्याला दर नपाएको,

(ग) समान ढंगले काम गर्ने अवसर नपाएको,

(घ) समयमा ज्याला रकम भुक्तानी नपाएको,

(ङ) मापदण्ड भन्दा बाहिर पर्ने घरधुरी वा व्यक्तिले रोजगारी पाएको,

(च) कार्यक्रम सम्बद्ध कर्मचारीले कामदारप्रति उचित एवम् मानवीय व्यवहार नगरेको,

(छ) कार्यक्रमसँग सम्बन्धित रही गरिएका खरिद, औजार उपकरण, सुरक्षा सामाग्रीको वितरण, कामदार छनौट लगायतमा पारदर्शी प्रक्रिया पूरा नगरेको, पक्षपात भएको,

(ज) तोकिएको समयभन्दा बढी समय काममा लगाएको ।

(३) गा.वि.स. वा न.पा. स्तरीय समन्वय तथा अनुगमन समितिले उपरोक्त प्रकारका गुनासो वा उजुरीहरु उपर सात दिनभित्र सुनुवाई गर्नु पर्नेछ ।

सो समितिबाट सुनुवाई नभएको अवस्थामा जि.वि.स. मा कार्यक्रमका जिल्ला सम्पर्क व्यक्ति समक्ष राख्न सकिनेछ। जि.वि.स. मा प्राप्त गुनासो वा उजुरीहरु आफूलाई प्राप्त भएको पन्ध्र दिन भित्रमा सुनुवाई गर्नु पर्नेछ ।

(४) जि.वि.स. बाट समेत सुनुवाई नभएका गुनासोहरु मन्त्रालयको कर्णाली क्षेत्र विकास इकाईमा राख्न सकिनेछ ।

(५) उक्त इकाईले पन्ध्र दिन भित्रमा सो गुनासो उपर सुनुवाई गरी व्यवस्थापन गर्नेछ ।

(६) गा.वि.स. वा न.पा. मा दिने उजुरी गुनासोहरु उजुरी पेटिकामा राख्न सकिने गरी गा.वि.स. वा न.पा. ले प्रवन्ध गर्नेछ ।

## परिच्छेद - ७
## विविध

**२८. निर्देशिका बमोजिम हुने :**

यो निर्देशिकामा भएका व्यवस्थाहरु यही निर्देशिका बमोजिम र अन्य विषयहरुको हकमा स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि अनुरुप हुनेछ ।

**२७. थपघट वा हेरफेर गर्न सक्ने:**

(१) यस निर्देशिकाको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

# अनुसूची – १
## (दफा ११को खण्ड (१) संग सम्वन्धित)

रोजगार कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदनकर्ताहरुको नामावली

गा.वि.स.: .............................. वडा नंवर: ............................

| क्र.सं. | नागरिकता प्रमाणपत्र नं | आवेदकको पुरा नाम | घरमुलीको नाम | टोल / बस्ती | परिवार संख्या | सम्पर्क फोन नं |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

# अनुसूची - २

## (दफा ११ को खण्ड (२) संग सम्वन्धित)

### रोजगार उपलब्ध गराउनु पर्ने व्यक्तिको छनौट गरी नामावली सार्वजनिक गर्ने फाराम

| क्र.सं. | घरधूरी प्रतिनिधिको नाम | घरमुलीको नाम | ठेगाना (वडा नं. /टोल/बस्ती) | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रमाणित गर्ने**

नाम :

पद :

मिति :

# अनुसूची - ३
# (दफा ११ को खण्ड (३) संग सम्वन्धित)
## क.रो.का. कामदार दर्ता फाराम
.........................................जिल्ला

फाराम भर्ने आयोजना कर्मचारीको नाम: ..............................................................

मिती: ..............................................  फोटो संकेत नम्बर: ...........................

१.बाबु/आमाको नाम: .........................................................................................

२. घरमुलीको नाम:...............................................................................................

३. ठेगाना:

गा.वि.स/न.पा.: .................................................

वडा: .......................................................

गाउँ: .......................................................

४. जातजाति (उपयुक्त ठाउँमा चिन्ह लगाउनुहोस् : ब्राम्हण/क्षेत्री/जनजाति/दलित

५. घरमा कुनै गर्भवती या काखमा बच्चा भएकी महिला छिन् ? (उपयुक्त ठाउँमा चिन्ह लगाउनु होस्) :

| | | |
|---|---|---|
| | छ | प्रश्न ५.१ को उत्तर दिनु होस् । |
| | छैन | प्रश्न ६ मा जानुहोस् । |

५.१ सदस्य (हरु) को नाम: ...............................................

६. घर परिवारले सरकारी या गैरसरकारी निकाय बाट कुनै आर्थिक सहयोग पाउने गरेको छ ? (उपयुक्त ठाउँमा चिन्ह लगाउनु होस्):

| | | |
|---|---|---|
| | छ | प्रश्न ६.१ को उत्तर दिनु होस् । |
| | छैन | प्रश्न ७ मा जानुहोस् । |

६.१ कुन कार्यक्रमले सहयोग दिई रहेको छ ? ............................

(७ मा जानु होस्)

| क्र.सं. | ७. पूरा नाम | ८. घर प्रतिनिधिसंगको नाता | ९. नागरिकता प्रमाण पत्र नं. | १०. जन्म मिति | ११. लिङ्ग |
|---|---|---|---|---|---|
| | घरधूरी प्रतिनिधि देखि शुरु गरेर क्रमैसंग परिवारका काम गर्न इच्छुक र मापदण्ड अनुसार योग्य सदस्यहरुको नाम लेख्दै जाने<br><br>घरको प्रतिनिधिले मात्र ज्यालाको भुक्तानी बुझ्न पाउने छन् ।<br><br>१८ देखि ५९ बर्ष सम्मका सदस्यहरु मात्र कामदार हुन योग्य हुने छन् ।<br><br>गर्भवती र काखमा बच्चा भएकी महिला सदस्य कामदार हुन योग्य हुने छैनन् । | प्रतिनिधि ०१<br>श्रीमान या श्रीमती ०२<br>छोरा, छोरी ०३<br>नाति नातिना ०४<br>भाई, बहिनी ०५<br>काकाका छोरा छोरी ०६<br>भतिजा भतिजी ०७<br>बुहारी, देउरानी, जेठानी ०८<br>आमा बाबु ०९<br>सासु, ससुरा १०<br>अन्य नातेदार ११<br>गैर नातेदार १२ | | साल महिना गते | महिला .. १<br>पुरुष .. २ |
| १ | | ०१ | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

| क्र.सं. | १२. अध्ययन (सबै भन्दा उच्च) | १३. साधारणतया कस्तो काम गर्नु हुन्छ ? | १४. कस्तो काम गर्न रुचाउनु हुन्छ वा गर्न सक्नु हुन्छ ? | १५. गत वर्ष श्रावण देखि ज्याला स्वरुप खाद्यान्न वा नगद प्राप्त हुने गरी जि.वि.स., गा.वि.स.वा न.पा. तथा अन्यको आयोजनामा काम गर्नु भएको थियो ? | १६. तपाईले गर्नु भएको कार्यको प्रकार कस्तो थियो ? | १७. कति दिनको लागि काम पाउनु भएको थियो ? | १८. ज्यालाको रुपमा नगद पाउनु भएको थियो ? | १९. प्रतिदिनको ज्याला कति पाउनु भएको थियो ? | २०. यो भन्दा अघि कहिले ज्यालादारी काम गर्नु भएको थियो ? |
|---|---|---|---|---|---|---|---|---|---|
| | १. निरक्षर<br>२. साक्षर<br>३. निम्न माध्यामिक<br>४. एस एल सी पास<br>५. उच्च माध्यामिक | १. कृषि<br>२. बस्तु पालन<br>३. ज्यालादारी श्रम<br>४. अन्य | १. माटो खन्ने<br>२. ढुङ्गा फुटाउने<br>३. गाह्रो लगाउने<br>४. खाल्डो खन्ने<br>५. सिमेन्टको काम<br>६. अन्य | थिएँ ......... १<br>थिइन ...... २<br>(यदि उत्तर २ भए प्रश्न २० मा जाने) | संस्था वा सरकारी निकाय ....१<br>अन्य व्यक्तिको काम वा व्यापार तर जिल्ला भित्र.... २<br>अन्य व्यक्तिको वा व्यापार तर जिल्ला बाहिर ....३ | .......<br>दिन | थिएँ.....१<br>थिएन.... २<br>(यदि उत्तर २ भए प्रश्न २० मा जाने) | रु .............<br>(अन्तिम प्रश्नमा जानु होस्) | १ - एक बर्ष पहिले<br>२ - दुई बर्ष पहिले<br>३ - तीन बर्ष पहिले<br>४ - कहिल्यै गरिन |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |

# अनुसूची - ४

## (दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

### कार्यक्रम कार्यान्वयन समितिले माग गर्ने आयोजना प्रस्तावको ढाँचा

श्रीमान् स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय,
............................ ।

**बिषय :- आयोजना प्रस्ताव पेश गरेको सम्बन्धमा ।**

महोदय,
उपरोक्त विषयमा लाभान्वित समुदायले छनौट गरेको र कार्यक्रम कार्यान्वयन समितिबाट कार्यान्वयन गर्नका लागि निर्णय गरिएको देहाय बमोजिमको लागत सहभागिता तथा विवरण उल्लेख भएको आयोजना कार्यान्वयन गर्नका लागि यो आयोजना माग प्रस्ताव तयार गरी पेश गरेका छौं । आवश्यक बजेट तथा कार्यक्रम स्वीकृत गरी संचालन गर्ने अनुमतीका लागि अनुरोध गर्दछौं ।

(क) आयोजना सम्बन्धी जानकारी
१. नाम :
२. स्थान :
३. किसिम :
४. लाभान्वित जनसंख्या :- ..... महिला ... पुरुष दलित
जनजातीको संख्या : ......
५. योजनाको उद्देश्य :
६. भौतिक उपलब्धी :
७. लाभान्वित घरपरिवार संख्या :

(ख) आयोजना कार्यान्वयन समिति
१. गठन भएको मिति :
२. रोहबर :
३. आयोजना स्थलमा बसोबास गरेका परिवार संख्या :
४. आयोजना कार्यान्वयन समिति गठन हुँदा उपस्थित परिवार संख्या :

(ग) आयोजना कार्यान्वयन समितिमा बस्ने पदाधिकारीहरुको विवरण

| **क्र.सं.** | **पद** | **नाम, थर** | **ठेगाना** | **नागरिकता नं.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |

घ) भेला भएको स्थान :

(ङ) आयोजनाको आर्थिक पक्ष

१. कूल अनुमानित लागत रु. :

२. निर्माण सामाग्री मूल्य :

३. ज्याला :

४. ढुवानी भाडा :

५.अन्य :

(च) खर्च व्यहोर्ने श्रोत

१. लाभान्वित उपभोक्ताबाट : नगद रु. ............. श्रमदानबाट रु. ......... बराबर

२. वडा कार्यालयबाट : नगद रु. .............. वस्तुगत ........... रु. ........ बराबर

३. गा.वि.स.वा न.पा.बाट : नगद रु. .......... वस्तुगत ........... रु. ........ बराबर

४. अन्य संघ, संस्था, निकायबाट : नगद रु. ........ बस्तुगत ........ रु. ..... बराबर

(छ) संलग्न कागजात

१. आयोजना कार्यान्वयन समिति गठन गर्ने निर्णयको छायाप्रति ।

२. आयोजना कार्यान्वयन समितिको विधान भए सोको छायाप्रति ।

३. सम्बन्धित वडाको सिफारिस ।

४. अन्य संघ संस्थाको लागत सहभागितामा भए सो को प्रतिबद्धता पत्र ।

५. आयोजना कार्यान्वयन समितिको अनुभव सम्बन्धी कागजात ।

६. सम्भब भए योजना स्थलको नक्सा ।

७. डिजाईन, लागत अनुमान विवरण सम्बन्धी कागजात ।

(ज) आयोजना माग गर्ने आयोजना कार्यान्वयन समितिका पदाधिकारीहरुको

| | | |
|---|---|---|
| दस्तखत :- | दस्तखत :- | दस्तखत :- |
| नाम :- ................... | नाम :- ................. | नाम :- ............... |
| पद :- अध्यक्ष | पद :- सचिव | पद :- कोषाध्यक्ष |
| मिति :- .................. | मिति :- .............. | मिति :- ................... |

(झ) आयोजनाका लागि सिफारिस गरेको भए सिफारिस गर्नेको राय :

सहीछाप :-

नाम, थर :

कार्यालय :

ठेगाना :

## अनुसूची- ५

# (दफा १४ को उपदफा (३) संग सम्बन्धित)

....................आयोजना कार्यान्वयन समितिबाट तयार पारिएको आयोजना कार्यान्वयन कार्यतालिका

## कार्ययोजना

१. आयोजनाको नाम: ......... २. संचालन स्थल : ......... ३. कूल लागत अंक रु. .........

४. कर्णाली रोजगार कार्यक्रमबाट व्यहोर्ने रु. .... ५. गा.वि.स. / न.पा.ले व्यहोर्ने रु. .....

६. अन्य निकायले व्यहोर्ने रु. ........

| क्र.सं. | आयोजना सम्बन्धी गतिविधि | समय तालिका | जिम्मेवार निकाय, व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | आयोजना पहिचान | ... साल ...महिना..गते | लाभान्वित समुदाय | |
| २ | प्रस्ताव गर्ने निर्णय | ... साल ...महिना..गते | कार्यक्रम कार्यान्वयन समिति | |
| ३ | प्रस्ताव पेश गर्ने | ...साल ...महिना.. गते | कार्यक्रम कार्यान्वयन समिति | |
| ४ | आयोजनाको सम्भाव्यता अध्ययन ल.ई. गर्ने | .. साल ..महिना..गते | गा.वि.स. / न.पा.को कार्यालय | |
| ५ | आयोजनाको लागि रकम जम्मा गर्ने | .. साल ...महिना..गते | लाभान्वित समुदाय | |
| ६ | प्रस्ताव स्वीकृत गर्ने | ... साल...महिना... गते | गा.वि.स. / न.पा. | |
| ७ | संझौता गर्ने | .. साल ..महिना...गते | गा.वि.स. / न.पा. र आयोजना कार्यान्वयन समिति | |
| ८ | कार्य प्रारम्भ गर्ने | ... साल ....महिना...गते | आयोजना कार्यान्वयन समिति | |
| ९ | प्रथम किस्ता निकासा | ... साल ....महिना...गते | गा.वि.स. / न.पा.को कार्यालय | |
| १० | कार्यको प्राविधिकबाट मूल्याङ्कन | ... साल....महिना ...गते | गा.वि.स. / न.पा. | |
| ११ | कार्य सम्पन्न गर्ने | ... साल....महिना ...गते | आयोजना कार्यान्वयन समिति | |
| १२ | प्राविधिकबाट अन्तिम मूल्याङ्कन | ... साल....महिना ...गते | गा.वि.स. / न.पा. को कार्यालय | |
| १३ | अनुगमन समितिको प्रतिवेदन | ... साल...महिना ..गते | अनुगमन समिति | |
| १४ | सार्वजनिक परीक्षण | ... साल...महिना ..गते | गा.वि.स. / न.पा. को सहजिकरणमा लाभान्वित समुदाय र आयोजना कार्यान्वयन समिति | |
| १५ | अन्तिम भुक्तानी माग गर्ने | .. साल...महिना ...गते | आयोजना कार्यान्वयन समिति | |
| १६ | जाँचपास फरफारक | .. साल... महिना...गते | गा.वि.स. / न.पा.वा जि. का. ई. | |
| १७ | अन्तिम भुक्तानी | ... साल..महिना ...गते | गा.वि.स. / न.पा. | |
| १८ | आयोजना हस्तान्तरण | ... साल..महिना ...गते | गा.वि.स. / न.पा. र आयोजना कार्यान्वयन समिति | |

# अनुसूची– ६

## (दफा १४ को उपदफा (४) सँग सम्बन्धित)

### आयोजना सम्झौता फारामको ढाँचा

जिल्ला विकास समितिको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र आयोजना कार्यान्वयन समिति (यसपछि दोस्रो पक्ष भनिने) का बीच देहाय बमोजिमको शर्त पालना गर्नेगरी यो संझौतापत्रमा हस्ताक्षर गरी परस्परमा एक एक प्रति लियौ, दियौ ।

**१. सम्झौता गर्ने पक्ष र आयोजना**

क. आयोजना कार्यान्वयन समितिबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि

१. नाम :
२. पद :
३. ठेगाना :

ख. आयोजनाको विवरण :

१. नाम :
२. ठेगाना :
३. उद्देश्य :
४. आयोजना स्वीकृत गर्ने निकाय :
५. आयोजना शुरु हुने मिति :
६. आयोजना सम्पन्न हुने मिति :

**२. आयोजनाको लागत सम्बन्धी विवरण**

क. लागत अनुमान रु.

ख. लागत व्यहोर्ने श्रोतहरु

१. नेपाल सरकारबाट : रु. ..........................
२. गा.वि.स. वा न.पा.बाट : रु. ..........................
३. अन्य स्थानीय निकायबाट : रु. ..........................
४. समुदायमा आधारित संस्थाबाट : रु. ..........................
५. बिदेशी दातृ संघ संस्थाहरुबाट : रु. ..........................
६. आयोजना कार्यान्वयन समितिबाट : रु. ..........................
७ गैर सरकारी संघ संस्थाबाट : रु. ..........................
८. अन्यबाट : रु. ..........................

**ग.निर्माण सामाग्रीको विवरण**

१. जम्मा : रु. ..........................
२. परिमाण :
३. सामाग्रीको नाम :
४. स्रोत

१. बिषयगत शाखाबाट :
२. गा.वि.स. वा नगरपालिकाबाट :
३. अन्य स्थानीय निकायबाट :
४. गैर सरकारी संघ संस्थाबाट :
५. सामुदायिक संस्थाबाट :
६. विदेशी दातृ संघ संस्थाबाट :
७. आयोजना कार्यान्वयन समितिबाट :
८. अन्यबाट :

**घ. आयोजनाबाट लाभान्वित हुने**

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. समुदाय :

४. दलित/जनजाति :

५. अन्य :

**३. आयोजना कार्यान्वयन समिति सम्बन्धी विवरण**

क. गठन भएको मिति :

ख. पदाधिकारीको नाम र ठेगाना :

| **क्र.सं.** | **पद** | **नाम, थर** | **ठेगाना** | **नागरिकता नं.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |

ग. आयोजना स्थलका लाभान्वित जनसंख्या :

घ. गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

**४.आयोजना संचालन सम्बन्धी अनुभव :**

**५.आयोजना कार्यान्वयन समितिले प्राप्त गर्ने किस्ता विवरण :**

| किस्ता क्रम | मिति | किस्ता रकम | निर्माण सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोश्रो | | | | | |
| तेश्रो | | | | | |
| अन्तिम भुक्तानी | | | | | |
| जम्मा | | | | | |

**६. आयोजनाको मर्मत सम्भारका लागि व्यहोर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक)**

क. मर्मत संभारको जिम्मा लिने समितिको नाम :

ख. जनश्रमदान (श्रम शक्ति संख्या) :

ग. सेवाशुल्कबाट : रु. ..........................:

घ. दस्तुर, चन्दाबाट : रु. ..........................

ङ लागत सहभागिता वा अनुदानबाट : रु. ..........................

च. ब्याज वा अन्य बचत : रु. ..........................

**७. अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी विवरण**

क.

ख.

ग.

**८. सम्झौताका शर्तहरु**

१. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं ।

२. आयोजना सम्पन्न भएपछि गा.वि.स. वा नगरपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं ।

३. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी स्थानीय लाभान्वित समुदायलाई गराई आयोजना कार्यान्वयन समितिको बैठकमा छलफल निर्णय गरी अर्को किस्ता माग गर्नेछौं ।

४. आयोजनाको काम समयमा नगरेमा वा गुणस्तरीय ढंगले नगरी कुनै हानी नोक्सानी भएमा सो को पूर्ण जिम्मेवारी आयोजना कार्यान्वयन समितिले लिनेछ र सो हानी नोक्सानी र क्षतिपूर्ति तिर्न/बुझाउन यस समिति सहमत छ ।

५. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण अभिलेख आदि आयोजना कार्यान्वयन समितिले तयार गरी राख्नेछौं ।

६. आयोजनाको कूल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताबिक नै गा.वि.स. वा नगरपालिकाको नगद अनुदान र लागत सहभागिता एवम् श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिन सहमत छौं ।

७. आयोजना संचालन गर्ने यस आयोजना कार्यान्वयन समितिले योजनाको मर्मत संभारको पनि ब्यबस्था गर्ने छ ।

८. योजनाको सबै काम आयोजना कार्यान्वयन समिति समूहको निर्णयानुसार गर्ने गराउने छौं ।

९. यो आयोजना मिति ..................... देखि शुरु गरी मिति ................... सम्ममा पूरा गर्ने/गराउने छौं ।

१०. आयोजनाको चौमासिक र बार्षिक भौतिक तथा वित्तिय खर्चको विवरण गा.वि.स. वा नगरपालिका समक्ष समयमै पठाउने छौं ।

११. यो आयोजना आफैले कार्यान्वयन नगरी ठेकेदार मार्फत कार्यान्वयन गरेमा कानून बमोजिम कारवाही भोग्न र गा.वि.स. वा नगरपालिकाले आयोजना संझौता रद्ध गरेमा वा आयोजनाको कार्यको भुक्तानी नदिएमा यस आयोजना कार्यान्वयन समितिले कुनै प्रकारको दावी गर्ने छैन ।

१२. अन्य शर्तहरु

क.

ख.

ग.

उपरोक्त बमोजिम गर्न हामी मन्जुर छौं ।

| **गा.वि.स. वा नगरपालिकाको तर्फबाट** | **आयोजना कार्यान्वयन समितिको तर्फबाट** |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| मिति :- | मिति :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |

## अनुसूची- ७
## (दफा १५ को उपदफा (६) संग सम्वन्धित)

### आयोजनाको सूचना पाटीको नमूना

जिल्ला विकास समितिको कार्यालय ............... अन्तरगत ............... आयोजना कार्यान्वयन समिति मार्फत संचालित

१. आयोजनाको नाम :

२. आयोजना स्थल :

३. आयोजना शुरु भएको मिति :

४. आयोजना सम्पन्न हुने मिति :

५. कामको विवरण :

(ल.ई. बमोजिम प्रत्येक कामको भौतिक परिमाण उल्लेख गर्ने)

६. लागत ईष्टिमेट अंक रु. :

७. बजेट श्रोत :

(क) गा.वि.स. वा न.पा.बाट रु. ...............

(ख) वडा कार्यालयबाट रु ...................

(ग) अन्य रु .............................

(घ) उपभोक्ताबाट लागत सहभागिता रु. ...................

(१) नगद लागत सहभागिता रु. ..............

(२) श्रम सहभागिता रु............. बराबर

(ङ) आयोजना कार्यान्वयन समितिका अध्यक्षको नाम, थर, ठेगाना :

## अनुसूची– ८

# (दफा १६ को उपदफा (५) संग सम्वन्धित)

## कामदारहरुको दैनिक उपस्थिति रेकर्ड राख्ने फाराम

**आयोजनाको नाम :** ........................................................ **कामको विवरण :** ...........................................

**मिति :** .....

| क्र.सं. | कामदारको किसिम | नाम, थर, वतन | बाबुको नाम | काम गरेको मिति | | | | | जम्मा काम गरेको दिन | दर | जम्मा पाउने रकम | रकम बुझ्लिनेको सहि | भुक्तानी दिनेको सहि | दैनिक हाजिरी विवरण नियन्त्रण खाता पाना नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

दैनिक हाजिर राख्नेको नाम र दस्तखतः–

जाँच्नेको दस्तखतः–

दैनिक हाजिर स्वीकृत गर्नेको दस्तखतः–

जम्मा भुक्तानी रकमः–

भुक्तानी दिनेको नाम र दस्तखतः–

# अनुसूची- ९
# (दफा १७ को उपदफा (४) संग सम्वन्धित)

## सार्वजनिक परीक्षणको नमूना

जिल्ला विकास समितिको कार्यालय ............ अन्तरगत संचालित लागत ईष्टिमेट अनुसार रु. ................... को............................... आयोजना/कार्यक्रम संचालनका लागि जिल्ला विकास समितिको कार्यालय ............. र .................. ............................................... आयोजना कार्यान्वयन समितिका अध्यक्ष श्री ............................................................. का बिच मिति २०....../ / मा संझौता भई आयोजनाको निर्माण कार्य मिति २०....../ / मा सम्पन्न भएकाले प्रस्तुत योजनाको सार्वजनिक परीक्षणका लागि हामी उक्त आयोजना/कार्यक्रमबाट लाभान्वित हुने स्थानीय जनसमुदायलाई यहाँ भेला गराउँदा श्री ....................... ........ को अध्यक्षतामा देहायका महानुभावहरुको उपस्थितिमा सार्वजनिक परीक्षण सम्बन्धी भेला/बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१.
२.
३.
४.
५.
६.
७.
८
९.
१०.
११.
१२.
१३.
१४.

१५.
१६.
१७.
१८.
१९.
२०.
२१.
२२.
२३.
२४.
२५.
क्रमश:

**निर्णय :**

१. आज सार्वजनिक परीक्षणका लागि उपस्थित हामी लाभान्वित समुदायको भेलाले प्रस्तुत .................. आयोजनाको निर्माण कार्य स्थलमा गई निर्माण कार्य समेत हेर्दा प्रस्तुत आयोजनाको निर्माण कार्य संझौता अनुसार समयमै सम्पन्न भएको/नभएको गुणस्तरयुक्त ढंगले सम्पन्न भएको/नभएको । योजनाको निर्माण कार्य सन्तोषजनक भएको/नभएको हुँदा आयोजना सम्बन्धी सार्वजनिक परीक्षण गर्ने कार्य सम्पन्न गरियो । उक्त आयोजनाको विवरण देहाय बमोजिम खुलाईएको छ । उक्त आयोजनाको जाँचपास, फरफारक जो जे गर्नु पर्छ गरी कामको प्राबिधिक मूल्यांकन अनुसारको लागत खर्च भुक्तानी गरिदिनु हुन/नगरिदिन जि.वि.स.को कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**२. आयोजना/कार्यक्रमका सम्बन्धी विवरण**

१. आयोजनाको नाम :
२. आयोजना स्थल :
३. आयोजनासंचालन भएको वडा :
४. आयोजनाकोकूल लागत ईष्टिमेट अंक :
५. साईट ईन्चार्जको नाम : पद :
६. जाँच गर्ने प्राविधिकको नाम : पद :

७. निर्माण कार्य आयोजना कार्यान्वयन समितिबाट भएकोमा

(क) आयोजना कार्यान्वयन समितिको अध्यक्षको नाम : ...........

(ख) ठेगाना : ...............

८. आयोजना संझौता मिति :

९. आयोजना, संझौताका पक्षहरु :

१०. क. गा.वि.स. वा न.पा.

ख. .............. आयोजना कार्यान्वयन समिति

ग. अन्य भए कार्यालय/संघ संस्थाको नाम : .....................

११. आयोजनाको कार्य अवधि : २०....../ / देखि २०......./ / सम्म

१२. आयोजना सम्पन्न भएको मिति :

१३. आयोजना सम्पन्न हुँदा लागेको कूल लागत खर्च रु. :

१४. दफा १३ मा उल्लेखित कूल लागत खर्च मध्ये

क. कूल श्रमिक ज्याला तर्फ (दक्ष तथा अर्धदक्ष गरी) जम्मा खर्च रु. :

ख. निर्माण सामाग्री (खरिद तथा ढुवानी समेत गरी) तर्फ कूल खर्च रु. :

१५. आयोजनाप्रति लाभान्वित जनसमुदायको थप धारणा :

## रोहबर

| **१. समितिको अध्यक्षको** | **२. समितिको सचिवको** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |

| ३. आयोजना हेर्ने साईट ईन्चार्जको | ४. सहजीकरण गर्नेको |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

| ५. सम्बन्धित गा.वि.स./वडा सचिवको | ६. बैठकको अध्यक्षता गर्ने व्यक्तिको |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| मिति : | मिति : |